भोटेकोशी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
फोन नं : ०११-५९०४६८, ५९९४६७
इमेल: ito.bhotekoshimun@gmail.com

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/ ०४/३१

यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोकमा, **भोटेकोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५(संशोधन २०८१)** बमोजिम आ.व. २०८१/०८२ को लागि तपसिलका पदमा कर्मचारी आवश्यक परेको र खुल्ला प्रतियोगिताद्वारा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन २०८१/०५/१३ गते कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| क.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १. | ०१-२०८१/०८२ | इञ्जिनियर | सातौं | १ | रु १०००/- |
| २. | ०२-२०८१/०८२ | अमिन | चौथो | १ | रु ५००/- |

१. दरखास्त फारामका साथ पेश गर्नु पर्ने अन्य कागजातहरु :
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- कार्य अनुभव भए सो को प्रमाणित प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको बैंक भौचर

२. शैक्षिक योग्यता :
- **ईञ्जिनियर :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा वि.ई वा सो सरह उत्तीर्ण भएको र प्रावधिक कार्य इञ्जिनियरिङका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाइसेन्स) प्राप्त गरेको ।
- **अमिन. :** मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको ।

३. उमेर :
- **इञ्जिनियर, सातौं** तहको लागि : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको,
- **अमिन,चौथो** तहको लागि : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको,

४. दरखास्त बुझाउने स्थान : गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खाता नं. २४१०१०१७५०००२८ नबिल बैंक, तातोपानी शाखा, सिन्धुपाल्चोक ।

५. कार्य विवरण, सेवा सर्त तथा तलव सुविधा : प्रचलित, ऐन, कानुन र नेपाल सरकारको प्रचलित स्केल अनुसार

६. काम गर्नु पर्ने स्थान :
- भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यपालिका, सिन्धुपाल्चोक।

७. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

८. दरखास्त फाराम बुझाउने स्थान : भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय अथवा यस कार्यालयको Email ठेगाना ito.bhotekoshimun@gmail.com मा दरखास्त फाराम, बैक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्ने छ ।

९. परीक्षा सम्बन्धी जानकारी कार्यालयको वेव साइटमा पछि प्रकाशन गरिनेछ ।

१०. थप जानकारीको लागि : प्रशासन शाखा ९८४४८१०६२० वा सूचना प्रविधि शाखा ९८६७६८५७६२ राजश्व शाखा ९७४६८५९४३३

११. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा पेश गरेका कागजातहरुको सक्कल सहित उपस्थित हुनु पर्ने छ ।

नोट : दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय वा वेव साइट (www.bhotekoshimun.gov.np) बाट प्राप्त गर्न सकिने छ । साथै दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner